## अनुसूची-९:आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सिमा र आधार

(क) लैंगिक हिंसा एवम् मानव वेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित लगायत जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्तिको लागि आर्थिक सहयोग (आपतकालिन एवं अल्पकालिन रुपमा) प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा मन्त्रालय/ कार्यालयले सो प्रयोजनको लागि प्रति घटना बढीमा रु.पचास हजारसम्म खर्च गर्न सक्नेछ ।

(ख) पीडितले कुनै सिपमूलक तालिम प्राप्त गरी व्यवसाय (पशुचौपाया पाठापाठी/खोर व्यवस्थापन/ठेला गाडा/ घरेलु लघु उद्यम संचालन कच्चा पदार्थ व्यवस्थापन/ कृषि विउविजन तथा औजारहरु/ उद्यम व्यवसाय संचालन मेशिन औजार खरिद, आदि) संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा प्रति व्यक्ति बढीमा रु.बीस हजार बीउपूँजि रकम उपलव्ध गराउन सकिनेछ।

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि प्रति घटना बढीमा रु.पाँच हजारसम्मको यथार्थ खर्च रकम उपलव्ध गराउन सकिनेछ ।

(घ) पिडितलाई तत्काल उद्दार र अस्पताल समेत लैजानु पर्ने भएमा सवारी साधन प्रयोग वापत लाग्ने भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), उपचार खर्च, खाना खर्च प्रति व्यक्ति प्रति दिन बढिमा रु. तीन सय र बास खर्च प्रति व्यक्ति प्रति दिन बढिमा रु. पाँच सयसम्म हुने गरी औचित्य र अवस्थाको आधारमा प्रति घटना बढीमा जम्मा रु. दश हजारसम्म खर्च गर्न वा उपलव्ध गराउन सकिनेछ ।

(ङ) पुनःस्थापना एवं पुनर्मिलनका लागि बढिमा रु. पाँच हजारसम्म खर्च गर्न सकिनेछ । साथै विशेष अवस्थामा कामको प्रकृति हेरी बढिमा रु. पाँच हजारसम्म थप गर्न सकिनेछ ।

(च) पीडितसंग कुनै बालबच्चा भए पिडित सरहको खाना खर्च रकम उपलव्ध गराइनेछ ।

(छ) माथि उल्लेखित बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले मन्त्रालय/ कार्यालयमा लिखित निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई प्रति घटना रु. दुई हजारमा नवढ्ने गरी रकम थपको लागि सिफारिस गरेमा उपलव्ध गराउन सकिनेछ।

नोटः *समितिले जिल्लाको आवश्यकता अनुसार सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात, खाना, खाजा खर्च, मानव संवेदना सम्बन्धी खर्च, पुनर्स्थापना/पुनर्मिलन तथा उपचार खर्च, विपन्न नागरिकलाई अति आवश्यक आधारभूत आवश्यकता जस्तै- लत्ता कपडा तथा उपचारको प्रवन्ध मिलाउनु पर्ने अवस्था देखिएमा सो वापत लाग्ने यथार्थ खर्च उपलब्ध गराउनको लागि निर्णय लिन* र सिफारिस गर्न *सक्नेछ ।*

२०८०/०८/२०

कार्यालय प्रम

गण्डकी,प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय, कास्की

पोखरा

पत्र संख्या - २०८०|०८१ गण्डकी प्रदेश, नेपाल

सूचना नं. मिति:-२०८०/०८/१९

## आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:-२०८०/०८/१९

यस कार्यालयको मिति २०८०/०८/१९ को निर्णय अनुसार आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत यस कार्यालयबाट राहत तथा आर्थिक सहयोग उपलब्ध गराइने भएको हुँदा लैंगिक हिंसा एवम् मानव बेचविखन तथा ओसारपसारको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुले कार्यालयले तोकेको ढाँचामा (निवेदनको ढाँचा कार्यालयको वेभसाईट www.sdokaski.gandaki.gov.np मा समेत डाउनलोड गर्न सकिनेछ ) तपसिल बमोजिमका कागजातहरु संलग्न गरि रितपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

संलग्न कागजातहरु:-

१. हिंसा पीडित,प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन,
२. पहिचान खुल्ने कागजात/फोटो,
३. सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,
४. जिल्ला प्रहरी कार्यालयको सिफारिश पत्र,
५. सामाजिक विकास कार्यालयको वेभसाईट www.sdokaski.gandaki.gov.np भएको निवेदनको ढाँचामा कार्यालयको इमेल sdokaski@gmail.com मा पठाउन सकिनेछ।
६. कार्यालयमा भौतिक रुपमा उपस्थित भई निवेदन पेश गर्न सकिनेछ।

पुनश्च: आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सिमा र आधार अनुसूची-९ बमोजिम हुनेछ ।अनुसूची-९ कार्यालयको वेभसाईटबाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीका लागि सामाजिक विकास कार्यालय कास्कीको फोन नं. ०६१५९०९०४ मा सम्पर्क राख्न सक्नु हुनेछ।

कार्यालय प्रमुख

मिति:-२०८०/०८/२०

श्रीमान् कार्यालय प्रमुख ज्यु,
सामाजिक विकास कार्यालय,
कास्की ।

विषय:- आपतकालिन उद्धार राहत पाँउ ।

प्रस्तुत विषयमा सामाजिक विकास कार्यालय कास्कीले प्रकाशन गरेको आपतकालिन उद्धार राहत सम्बधी मिति २०८०/०८/१९ गतेको सूचनाबाट व्यहोरा जानकारी भएकोले आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराइदिनुहुन भनी तपसिल बमोजिमको कागजातहरु सहित निवेदन पेश गरेको छु ।

संलग्न कागजात:-

१. पहिचान खुल्ने कागजात/फोटो,
२. सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,
३. जिल्ला प्रहरी कार्यालयको सिफारिश पत्र,
४. अन्य आवश्यक कागजात,

निवेदक
नाम थर:-
दस्तखत:-
स्थायी ठेगाना:-
सम्पर्क नम्वर:-

घटनाको विवरण उल्लेख गर्ने:-